# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ४ मितिः २०७७।०३।२३

## भाग-२

## बालअधिकार समिति गठन कार्यविधि, २०७७

**प्रस्तावनाः**

नेपालको संविधान,तथा संयुक्तराष्ट्रसंघले पारित गरी नेपालसरकारले हस्ताक्षर समेतगरिसकेको बालअधिकार सम्बन्धी महासन्धि १९८९, Convention on the Rights of Child (CRC) को उद्देश्य, मर्म र भावना बमोजिम र बालबालिका सम्वन्धी ऐन, २०७५को दफा ६० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गर्दै सुनिलस्मृति गाउँपालिका स्तरीय बालअधिकार समिति गठन गरी कार्यसञ्चालन गर्न बान्छनिय देखिएकोले स्थानीय सरकार सञ्चालनऐन, २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा

(२) बमोजिम सुनिलस्मृति गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारीगरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बाल अधिकार समिति गठन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्दछ ।

(ख) **"ऐन"** भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ सम्झनुपर्दछ ।

(ग) **"नियमावली"** भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ अनुसार बन्ने नियमावली सम्झनुपर्दछ ।

(घ) **"स्थानीय तह"** भन्नाले सुनिलस्मृति गाउँपालिका सम्झनुपर्दछ ।

(ङ) **"वडा कार्यालय"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्दछ ।

(च) **"कार्यपालिका"** भन्नाले सुनिलस्मृति गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) **"अध्यक्ष"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ज) **"उपाध्यक्ष"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(झ) **"कार्यपालिका सदस्य"** भन्नाले सुनिलस्मृति गाउँ कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सुनिलस्मृति गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ट) **"शाखा"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनु पर्दछ ।

(ठ) **"समिति"** भन्नाले यस कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्दछ ।

(ड) **"बालअधिकार"** भन्नाले राष्ट्रिय र अन्तराष्ट्रिय ऐन कानूनले तोकेको बालबालिकाको अधिकार सम्झनु पर्दछ ।

(ढ) **"वडाध्यक्ष"** भन्नाले सुनिलस्मृति गाउँपालिका अन्तर्गतका वडाहरुको वडाध्यक्ष सम्झनु पर्दछ ।

(ण) **"वडासदस्य"** भन्नाले सुनिलस्मृति गाउँपालिका अन्तर्गतका वडाहरुका वडा समितिका वडासदस्य सम्झनु पर्दछ ।

(त) **"संघ संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(थ) **"संयोजक"** भन्नाले कार्यविधिको दफा (४) र (७) बमोजिम गठन भएको समितिको संयोजकलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सुनिलस्मृति गाउँपालिकाका बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्धनका लागि मार्गनिर्देश गर्ने ।

(ख) सुनिलस्मृति गाउँपालिकामा बालसंरक्षणका संरचनाहरुको सवलीकरण गर्ने ।

(ग) बालबालिका माथि हुने हिंसा,दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

(घ) सुनिलस्मृति गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउन आधार तयार गर्ने ।

## परिच्छेद-२

## सुनिलस्मृति गाउँपालिकास्तरीय बालअधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

४. **सुनिलस्मृति गाउँपालिका स्तरीय बालअधिकार समितिः**

(१) सुनिलस्मृति गाउँपालिका भित्रको बालअधिकार सम्वन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक सुनिलस्मृति गाउँपालिका स्तरीय बालअधिकार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) सुनिलस्मृति गाउँपालिकाको उपाध्यक्ष -संयोजक

(ख) सुनिलस्मृति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सुनिलस्मृति गाउँपालिकाको सामाजिक -सदस्य

विकास समिति संयोजक

| | | |
|---|---|---|
| (घ) | सुनिलस्मृति गाउँ कार्यपालिकाका सदस्य मध्ये दलित, महिला सहित गाउँ कार्यपालिकाले तोकेको तीन जना | -सदस्य |
| (ङ) | गाउँपालिका शिक्षा शाखा प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) | स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (छ) | गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिका स्तरीय बालबालिकाको प्रतिनिधी बालक र बालिका दुई जना | -सदस्य |
| (ज) | बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि गाउँपालिका अध्यक्षले तोकेको एक जना | -सदस्य |
| (झ) | गाउँपालिका अन्तर्गत प्रहरी कार्यालयका प्रतिनिधि | -सदस्य |
| (ञ) | बालअधिकार हेर्ने शाखा प्रमुख | -सदस्य सचिव |

**५. समितिको बैठक सम्वन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) कम्तीमा महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले गाउँपालिका अध्यक्षसँग समन्वय गरी जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्वन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बाल अधिकार सूचक फारामको आधारमा सुनिलस्मृति गाउँपालिका भित्रका बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने, अद्यावधिक गर्ने र आवश्यकता अनुसार वितरण गर्ने ।

(ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने र अन्तरिम संरक्षण गर्ने, गराउने ।

(ग) बालअधिकारको संरक्षण र संवर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने, गराउने ।

(घ) बालअधिकारका निमित्त विकासका साझेदार तथा जिल्लास्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

(ङ) बालअधिकार हनन् भएका घटनाहरुका सम्वन्धमा प्राप्त जानकारी प्राप्त गर्ने र कानूनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

(च) बालसंरक्षण गर्ने, गराउने ।

(छ) बालगृह अनुगमन, आकस्मिक सहयोग, कानूनी सहायता, अन्तरिम हेरचाह सम्बन्धी विषयमा सम्वन्धित तहसँग सम्वन्ध स्थापना वा सिफारिस गर्ने ।

(ज) सुनिलस्मृति गाउँपालिकाको क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

(झ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव दिने ।

(ञ) संघीय र प्रदेश स्तरीय बालअधिकार समितिसँग समन्वय गरी कार्यक्रम गर्ने, गराउने ।

(ट) बाल गृह संचालन कार्यविधि, सडक बालबालिकाको

व्यवस्थापन खर्च कार्यविधि, बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि अनुसार सेवा प्रदान गर्ने, गराउने,

(ठ) बालअधिकार सम्वन्धि बार्षिक कार्ययोजना तयार पार्ने र गाउँ कार्यपालिका र गाउँसभामा पेश गर्ने, गराउने ।

(ड) कार्यक्रम कार्यान्वयनको प्रगति गाउँ कार्यपालिका बैठक र गाउँसभामा पेश गर्ने ।

## परिच्छेद ३

## वडा स्तरीय बालअधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**७. वडा स्तरीय बालअधिकार समितिः**

(१) वडा भित्रको बालअधिकार सम्वन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक वडा स्तरीय बालअधिकार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) वडा अध्यक्ष | -संयोजक |
| (ख) महिला सदस्य | |
| (ग) स्थानीय प्रहरी चौकी प्रमुख तथा प्रतिनिधि | -सदस्य |
| (घ) स्वास्थ्य चौकी प्रमुख तथा प्रतिनिधि | -सदस्य |
| (ङ) वडा अध्यक्षले तोकेका वडा स्तरीय बाल क्लवका प्रतिनिधि बालक र बालिका दुई जना | -सदस्य |
| (च) बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि मध्ये वडा अध्यक्षले तोकेको एक जना | -सदस्य |

(छ) वडा सचिव -सदस्य सचिव

## ८. समितिको बैठक सम्वन्धी व्यवस्थाः

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) कम्तीमा दुई महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौवीस घण्टा अगावै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालअधिकार सूचक फारामको आधारमा वडाभित्रका बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने, अद्यावधिक गर्ने ।

(ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने सिफारिस गर्ने ।

(ग) बालअधिकारको संरक्षण र संवर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने, गराउने ।

(घ) बाल अधिकार हनन भएका घटनाहरुका सम्वन्धमा प्राप्त जानकारी प्राप्त गर्ने र कानूनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

(ङ) वडा स्तरमा सञ्चालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

(च) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव दिने ।

(छ) बालअधिकार सम्बन्धी वार्षिक कार्ययोजना तयार पार्ने र गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ज) कार्यक्रम कार्यान्वयनको प्रगति गाउँ कार्यपालिका बैठकमा पेश गर्ने ।

## परिच्छेद ४
## विविध

**१०. बालकोषः**

(१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट नेपाल सरकारको पूर्व स्वीकृती बमोजिम प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. अनुगमन तथा निरीक्षणः** स्थानीय बालअधिकार समितिले बालअधिकारको प्रचलन गराउन तथा बाल संरक्षणका लागि आफ्नो कार्यक्षेत्र भित्र अनुगमन गर्न समिति आफै वा अनुगमनको लागि टोली खटाई कम्तीमा हरेक तीन

महिनामा एक पटक अनुगमन कार्य गर्नेछ । अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिवेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कारवाहीका लागि सरोकारवाला निकाय समक्ष सिफारिस गरिनेछ ।

१२. **यसै बमोजिम हुने:** यस अघि भए गरेका बालअधिकार सम्वन्धी काम कार्वाही यसै कार्यविधि अनुसार भएको मानिनेछ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले

(केशवराज पार्धे)

प्रमुख प्रशासकीय अधिकृत